# एनएमबि बैंक लिमिटेडको
# सत्ताईसौं वार्षिक साधारण सभाको विवरण (माईन्यूट)

१. **प्रारम्भिक :**

एनएमबि बैंक लिमिटेडको मिति २०७९/०८/२८ गते बसेको सञ्चालक समितिको ४४३औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ र बैंकको प्रवन्धपत्र तथा नियमावलीमा उल्लेखित व्यवस्थाहरु बमोजिम बोलाईएको सत्ताईसौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी निम्नानुसार निर्णय भयो ।

**साधारण सभा बसेको मिति, स्थान र समयः**

मिति : २०७९ साल पौष महिना २५ गते, सोमबार (तद्नुसार ९ जनवरी २०२३)

स्थान : नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं ।

समय : बिहान ९:०० बजे

२. **उपस्थितिः**

(अ) **सञ्चालकहरूः**

| सि.नं. | सञ्चालकहरुको नाम | पद | उपस्थिति/अनुपस्थिति |
|---|---|---|---|
| १ | श्री पवन कुमार गोल्याण | अध्यक्ष | उपस्थित |
| २ | श्री निको पिल | सञ्चालक | अनुपस्थित |
| ३ | श्री जीवन कुमार कट्वाल | सञ्चालक | उपस्थित |
| ४ | श्री योगेन्द्र लाल प्रधान | सञ्चालक | उपस्थित |
| ५ | श्री उत्तम भ्लोन | सञ्चालक | उपस्थित |
| ६ | श्री शिरिष कुमार मुरारका | सञ्चालक | उपस्थित |
| ७ | श्री प्रदीप राज पाण्डे | श्री निको पिलको बैकल्पिक संचालक | उपस्थित |
| ८ | श्रीमती बन्दना पाठक | स्वतन्त्र सञ्चालक | उपस्थित |

(आ) **आमन्त्रित प्रतिनिधिहरूः**

| | | |
|---|---|---|
| १ | श्री ब्यरन पासापोर्टिस् | प्रतिनिधि, एफएमओ, नेदरल्याण्डस् |
| २ | श्री टि पुराहरन सि पि रामकृष्णन | प्रतिनिधि, योंग लियन रियाल्टी, मलेशिया |
| ३ | श्री बिकाश भट्टराई | प्रतिनिधि, कर्मचारी सञ्चय कोष |
| ४ | श्री नबिन कुमार भट्टराई | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| ५ | श्री हेम कुमार श्रेष्ठ | प्रतिनिधि, कानूनी सल्लाहकार |
| ६ | श्री रोशन श्रेष्ठ | प्रतिनिधि, (लेखापरीक्षक-केएमयू एण्ड एशोसिएट्स) |

(इ) **पदाधिकारीहरूः**

| | | | |
|---|---|---|---|
| १ | श्री सुनिल के.सी. | – | प्रमुख कार्यकारी अधिकृत |
| २ | श्री सुदेश उपाध्याय | – | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३ | श्री गोविन्द घिमिरे | – | नायव प्रमुख कार्यकारी अधिकृत |
| ४ | श्री प्रमोद कुमार दाहाल | – | प्रमुख संचालन अधिकृत तथा कम्पनी सचिव |
| ५ | श्री श्रीजेश घिमिरे | – | प्रमुख लगानी अधिकृत |
| ६ | श्री नविन मानन्धर | – | प्रमुख जोखिम अधिकृत |

| | | | |
|---|---|---|---|
| ७ | श्री रोशन रेग्मी | – | प्रमुख रिटेल बैंकिङ्ग अधिकृत |
| ८ | डा. बुद्धि कुमार मल्ल | – | प्रमुख साना, मझौला तथा अनुदान कर्जा अधिकृत |
| ९ | श्री पुष्पा अर्याल | – | प्रमुख ट्रेड फाइनान्स |
| १० | श्री मृदुल पराजुली | – | प्रमुख लेखा तथा योजना |

(ई) **शेयरधनीहरू :**

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित शेयरधनी संख्या | २४४ | १०७९ | १,३२३ |

३. **सभाको सभापतित्व तथा वैधानिकता :**

वार्षिक साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणलाई सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गरिए अनुरूप उहाँले सभाको सभापतित्व गर्नुभयो । बैंकको सत्ताईसौं वार्षिक साधारण सभा शुरू हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार उपस्थित शेयरधनीहरूले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा सभाको सभापतिज्यूको आज्ञाले कम्पनी सचिव श्री प्रमोद कुमार दाहालले देहायका विवरणहरू प्रस्तुत गर्नुभयो ।

(क) **साधारण सभाको बारेमा सार्वजनिक सूचना :**

यस बैंकको सत्ताईसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनीहरूको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिका अन्नपूर्ण पोष्टमा क्रमशः मिति २०७९/०९/०१ र २०७९/०९/०८ गते गरी दुई पटक प्रकाशित गरिएको थियो । उल्लेखित साधारण सभाको सुचनाहरु प्रकाशित गर्दा कम्पनी ऐन, २०६३ को दफा ८४ को प्रयोजनार्थ आ.व. २०७८/७९ को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत दुई पटक सोहि पत्रिकामा प्रकाशित गरिएको थियो । साथै, शेयरधनी महानुभावहरूको सुविधाको लागि संक्षिप्त वार्षिक आर्थिक विवरणका साथै वार्षिक प्रतिबेदन बैंकको वेबसाइट www.nmbbanknepal.com मा पनि राखिएको थियो ।

(ख) **उपस्थिति :** बैंकको साधारण सभामा शेयरधनीहरुलाई भौतिक रुपमा उपस्थि हुन अनुरोध गरिए बमोजिम शेयरधनीहरुले भौतिक रुपमा उपस्थिति जनाउनु भएको थियो । साधारण सभामा सञ्चालक समितिका हाल कायम संचालकहरुको उपस्थिति रहेको र सञ्चालक श्री निको पिल युरोपमा रहनु भएको कारणले उपस्थिति हुन नसक्नु भएकोमा उहाँको बैकल्पिक संचालक श्री प्रदीप राज पाण्डे उपस्थित हुनु भएको थियो ।

(ग) **गणपूरक संख्या :**

१. यस साधारण सभा प्रयोजनको लागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजीको कार्य बन्द भएको मिति २०७९/०९/११ मा कायम शेयरधनीहरूले लिएको शेयरको विवरण निम्नानुसार रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कूल संख्या | शेयरधनीहरू | ७२७ | १,७२,४९१ | १,७३,२१८ |
| | शेयर | ९,३६,७०,२००.३९ | ८,९९,९६,८५९.२० | १८,३६,६७,०५९.५९ |

कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम सभा सञ्चालनको लागि आवश्यक गणपूरक संख्या (बैंकका शेयरधनीहरूको स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयरहरूको संख्या) देहाय बमोजिम रहेको थियो ।

| उपस्थित विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित संख्या | शेयर धनी संख्या | २४४ | १०७९ | १,३२३ |
| | शेयर | ७,८४,५६,९२४ | २,०६,५८,१२७ | ९,९१,१५,०५१ |
| उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयर | ८३.७६ | २२.९५ | ५३.९६ |

२. कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका बिषयहरू उपर छलफल गर्न आज मिति २०७९/०९/२५ मा स्वयं तथा प्रोक्सी मार्फत जम्मा १,३२३ जना शेयरधनीहरूबाट यस बैंकको बाँडफाँड भएको कूल शेयर संख्याको ५३.९६ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभा वैधानिक भएको जानकारी कम्पनी सचिवले सभालाई गराउनु भयो ।

४. **छलफलका विषयहरू :**

(क) **सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ अषाढ मसान्तको वासलात र आ.व. २०७८/०७९ को नाफा-नोक्सान हिसाब (एकीकृत ईक्विटीमा भएको परिवर्तनको विवरण) तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु पारित गर्ने (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड र एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडको एकीकृत वित्तीय विवरणहरु समेत),

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने (हालका लेखापरीक्षक देव एशोसिएट्स र केएमयु एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्स संयुक्त रुपमा पूनः नियूक्त हुनका लागि योग्य हुनुहुन्छ ।),

४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम हाल कायम चुक्ता पूँजी रु.१८,३६,६७,०५,९५९/२४ को ८.२५ प्रतिशतका दरले हुन आउने रु.१,५१,५२,५३,२४१/६४ नगद लाभांश (कर प्रयोजनका लागि समेत) वितरणको लागि स्वीकृत गर्ने ।

(ख) **विशेष प्रस्ताव :**

१. बैंकको नियमावलीको नियम ३२ को उपनियम १ को ख(१) मा संशोधन गर्ने,

२. अन्य बैंक तथा वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न तथा अन्य बैंक तथा वित्तीय संस्थाहरुसंग मर्जर प्रकृया अगाडि बढाउने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने । साथै, सोका लागि सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्नका लागि मुल्यांकनकर्ता नियूक्त गर्ने, स्वाप रेसियो निर्धारण गर्ने, सोका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा कुनै संशोधन आवश्यक भएमा सो गरि सोको अभिलेख गराउने लगायत सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

३. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधनको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाब भएमा सोही बमोजिम गर्न वा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने ।

(ग) **विविध ।**

५. **सभाको शुभारम्भ :**

वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकाले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री पवन कुमार गोल्याणले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

६. **वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सभाको काम कारवाही शुरू गर्ने क्रममा सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले आफ्नो मन्तव्य राख्दै सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको प्रतिवेदन तथा चालु वर्ष आ.व. २०७९/०८० को आश्विन मसान्तसम्मको संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्नुभयो । आफ्नो मन्तव्यको क्रममा उहाँले समिक्षा अवधिमा बैंकले निक्षेप र कर्जा बृद्धी गर्न सफल भएको तथा खुद मुनाफा तर्फ गत वर्षको तुलनामा २१.३९ प्रतिशतले बृद्धि गर्न सफल रहेको कुरा उल्लेख गर्नुहुँदै कम्पनीको प्रगतीको बारेमा साधारण सभालाई जानकारी गराउनु भयो । कोभिड-१९ को महामारी पश्चात हाल रुस-युक्रेन युद्धले जन्माएका समस्या र तरलता अभावले समग्र अर्थतन्त्रमा असर परेकोले ती समस्याहरु समाधान गर्न दिगो विकासको लागि बैंकले आयातलाई प्रतिस्थापन गर्ने उद्योग तथा निर्यातमुखी उद्योग, महिला उद्यमी, कृषि, उर्जा, होटल तथा पर्यटन क्षेत्रलाई प्राथामिकतमा राखेर लगानी गरेको कुरा जानकारी गराउनु भयो । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत धुलिखेल अस्पताललाई बालबालिकको गम्भीर उपचारमा प्रयोग हुने उपकरण प्रदान गरेको र सो उपकरणले बालबालिकाको ज्यान बचाउन सहयोग पुगेको भनि अस्पतालले बैंकलाई जानकारी गराएको कुरा सभालाई जानकारी गराउनु भयो । बैंकले यस समिक्षा वर्षमा Bank of the Year Asia 2021 अवार्ड प्राप्त गरेको र यो अवार्ड नेपालमा पहिलो पटक प्रदान गरिएको कुरा उल्लेख गर्नुभयो । उहाँले बैंकको नायब प्रमुख कार्यकारी अधिकृतमा बढुवा हुनु भएका श्री सुदेश उपाध्याय र श्री गोबिन्द घिमिरेलाई सभामा परिचय गराउँदै उहाँहरुलाई सफल कार्यकालको शुभकामना दिनुभयो । साथै, स्वतन्त्र सञ्चालकको रुपमा नियुक्त हुनु भएकी श्रीमती बन्दना पाठकलाई समेत सभा समक्ष जानकारीका साथै परिचय गराउँदै उहाँको कार्यकालको सफलताको शुभकामना दिनुभयो । सो पश्चात उहाँले संचालक समितिको प्रतिवेदन, वित्तीय विवरणहरु र साधारण सभाको पुर्व सूचना बमोजिम ८.२५ प्रतिशत नगद लाभाँश (कर समेत) वितरण गर्ने लगायतका एजेण्डाहरु उपर स्वीकृतिका लागि यस गरिमामय सभा समक्ष पेश गरिएकोमा सो उपर छलफलका लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्दै पारित गरि दिनु हुन आदरणीय शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भई छलफलका लागि आव्हान गर्नुभयो ।

७. **छलफलमा सहभागी हुने शेयरधनीहरू :**

देहायका शेयरधनी महानुभावहरूले छलफलमा मौखिक/लिखित रुपमा सहभागि भई आ-आफ्नो विचार तथा मन्तव्य राख्नु भएको थियो ।

| | | | |
|---|---|---|---|
| क) | श्री ब्यास कुमार शर्मा | ठ) | श्री सुर्य बहादुर खड्का |
| ख) | श्री शत्रुघन श्रेष्ठ | ड) | श्री गोविन्द बास्तोला |
| ग) | श्री उद्धब प्रसाद घिमिरे | ढ) | श्री मेजर कुबेर श्रेष्ठ |
| घ) | श्री ब्रम्हदेव शाक्य | ण) | श्री विजय मल्ल |
| ङ) | श्री शिव प्रसाद पौडेल | त) | श्री ब्यरन पासापोर्टिस् (प्रतिनिधि -एफएमओ) |
| च) | श्री भक्ति प्रसाद उप्रेती | थ) | श्री टि पुराहरन सि पि रामकृष्णन (प्रतिनिधि -योंग लियन रियाल्टी ) |

| | | | |
|---|---|---|---|
| छ) | श्री गुणराज भट्ट | द) | श्री सरला खड्का |
| ज) | श्री लवराज जोशी | ध) | श्री सुदिप श्रेष्ठ |
| झ) | श्री उत्तम दत्त पाण्डे | न) | श्री चन्द्र नारायण श्रेष्ठ |
| ञ) | श्री इन्द्र कृष्ण श्रेष्ठ | प) | श्री ठाकुर प्रसाद कोइराला |
| ट) | श्री रोज कुमार श्रेष्ठ | | |

८. **शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्य तथा सुझावहरूको संक्षिप्त विवरण :**

क) **श्री ब्यास कुमार शर्मा :** उहाँले सभालाई सम्बोधन गर्दै सभामा उपस्थित सबै महानुभावहरुलाई स्वागत गर्नुभयो । उहाँले बैंकले गत वर्ष बैंक अफ द ईयर एसिया, २०२१ प्रतिष्ठित पुरस्कार प्राप्त गर्न सफल भएकोमा धन्यवाद छ । अहिलेको विषम परिस्थितीमा समेत स्रोत साधन संकलन गरी परिचालन गर्न सफल भएको, नाफा नोक्सान तर्फ पनि सन्तोषजनक रहेको र वित्तीय सुचकांङ्क अन्तर्गत वासलातको आकार बृद्धि भएको छ, Retain Earning र Surplus बढेको छ भन्दै आगामी दिनहरु पनि सहज नभएकोले कम लागतमा नेटवर्क विस्तार गरी व्यवसाय गर्न र Assets quality बढाउन, NPA घटाउन, नयाँ प्रोडक्टहरु ल्याउन तथा मितव्ययिता अपनाउनका लागि सुझाव दिनुभयो ।

ख) **श्री शत्रुघन श्रेष्ठ** : उहाँले सभालाई सम्बोधन गर्ने क्रममा सभामा उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै बैंकले विगतदेखि नै राम्रो प्रतिफल दिँदै आईरहेको धारणा राख्नुभयो । उहाँले तरलताको अभावका साथै वर्तमान विषम परिस्थितिमा बैंकले दिएको ८.२५ प्रतिशतको प्रतिफल सन्तोषजनक रहेको, बैंकले NPL र EPS मा सुधार गरेको धारणा राख्दै नेपालमा कुनै बैंकले प्राप्त गर्न नसकेको बैंक अफ दि ईयर एसिया, २०२१ पुरस्कार प्राप्त गर्न सफल भएकोमा सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । साथै, उहाँले आगामी दिनहरुमा बैंकले आफ्नो साख घट्न नदिई शेयरधनीहरुलाई उच्च प्रतिफल प्रदान गर्न सकोस भन्ने कामना गर्नुभयो ।

ग) **श्री उद्धव प्रसाद घिमिरेः** उहाँले साधारण सभामा सम्बोधन गर्दै सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो । बैंकका सबै वित्तीय सुचकांङ्कहरु राम्रा रहेका छन् तर लेखापरीक्षकको प्रतिवेदन अंग्रेजी भाषामा रहेकोमा आगामी दिनमा नेपाली भाषामा बनाउन सकेमा राम्रो हुने भन्दै नेपाल राष्ट्र बैंकको नीति बमोजिम कुनै बैंकलाई मर्ज गराउँदा राम्रो हुने, जसले गर्दा बैंकको चुक्ता पुँजी लगायत सम्पत्ति तथा दायित्वको आकार ठूलो हुने र व्यवसाय विस्तारमा सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो । साथै, उहाँले विदेशी मुद्राको आम्दानी बृद्धि गर्न सक्नुपर्ने कुरा उल्लेख गर्नुभयो ।

घ) **श्री ब्रम्हदेव शाक्यः** उहाँले सभालाई सम्बोधन गर्दै सभामा अध्यक्षज्यूको प्रतिवेदन समय सार्न्दभिक, यर्थाथपरक र उत्साहप्रद रहेको भन्दै बैंकले शेयरधनीहरुलाई ८.२५ प्रतिशत नगद लाभांश दिन लागेकोमा धन्यवाद दिनुभयो । उहाँले नेपाल राष्ट्र बैंकले स्प्रेड दर घटाउँदै लगेको हुँदा आगामी वर्षहरुमा नाफामा कमी आउन सक्ने हुँदा बैंकले शेयरधनीहरुलाई वितरण गर्ने लाभांशमा कमी आउन नदिन नयाँ योजनाका साथ अघि बढ्न अनुरोध गर्नुभयो । उहाँले उच्च शिक्षा र श्रम बेच्नको लागि नेपालीहरु विदेश जान बाध्य रहेको, प्राप्त रेमिट्यान्स रकम सामान आयात गर्नको लागि विदेशिने गरेको, उद्योग व्यवसाय सञ्चालन गर्न लिएको ऋण दुरुपयोग गरी घर जग्गा किन्न समेत प्रयोग हुने गरेकोले उद्योग व्यवसाय विस्तार हुन नसकेको धारणा राख्नुभयो । साथै, उहाँले बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत भविष्यमा अझै बढी राम्रो गर्न सकोस भन्दै सुचनामा प्रकाशित सर्म्पूण प्रस्तावहरुमा समर्थन रहेको कुरा बताउनुभयो ।

ङ) **श्री शिव प्रसाद पौडेलः** उहाँले सभालाई सम्बोधन गर्दै बैंकले साधारण सभामा प्रस्ताव गरेको लाभांश राम्रो रहेको र बैंकले दिने नगद लाभांश आजै शेयरधनीहरुको खातामा पठाउने व्यवस्था गर्न अनुरोध गर्नुभयो । उहाँले बैंकको NPL एक प्रतिशत भन्दा कम गर्नु पर्नेमा जोड दिदै बैंकको खर्च बढेको र आम्दानी घटेको, बैंकले दिएको ८.२५% लाभांश मुद्दती खाताको ब्याजदर भन्दा पनि कम रहेकोले अर्को वर्ष लाभांश बढाउने

गरी कार्य तथा योजना बनाउनु पर्ने, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत धुलिखेल अस्पताललाई प्रदान गरेको सहयोग प्रसंशनीय रहेको भन्दै बैंकले लिड गरेका हाइड्रोपावरहरुको जानकारी उपलब्ध गराउन र लेखापरीक्षकलाई नेपाली भाषामा लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराउन अनुरोध गर्नुभयो । साथै, उहाँले अर्को वर्ष साधारण सभा असोज कार्तिक महिनामा सम्पन्न गर्नको लागि अनुरोध गर्दै सभामा उपस्थित हुँदा शेयरधनीहरुलाई गरिएको अभिनन्दनको लागि बैंक व्यवस्थापनलाई धन्यवाद दिनुभयो ।

च) **श्री भक्ति प्रसाद उप्रेती** : उहाँले बैंकले साधारण सभामा प्रस्ताव गरेको लाभांश विगतको भन्दा कम रहेको, यस बैंक बाणिज्य बैंकहरु मध्ये ६ नम्बरमा रहेको भएता पनि लाभांश वितरण गत वर्ष भन्दा आधा कम भएको, वितरण योग्य नाफा कम हुनुमा खर्च जसरी बढेको छ आम्दानी त्यही अनुरुप बढ्न नसकेको, कर्जा असुली र write-back राम्रो नभएको, बैंकको स्प्रेड दर कम भएको कारण खुद मुनाफा घटेकोले स्प्रेड दर maintain गर्नुपर्ने भन्दै कर्जा असुलीलाई उच्च प्राथमिकतामा राख्नु पर्ने धारणा राख्नुभयो । साथै, बैंकको पूँजी पर्याप्तता कोष राम्रो रहेको भन्दै गैर बैंकिङ्ग सम्पत्तिमा नोक्सानीको व्यवस्था गरिएकोले समयमा नै गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्न र विदेशी विनिमयको आम्दानीमा धेरै कमी आएकोले यसमा सुधार गर्नको लागि सुझाव दिनुभयो ।

छ) **श्री गुणराज भट्टः** उहाँले सभालाई सम्बोधन गर्दै बैंकले साधारण सभा बिहान ९ बजे राखेकोले ११ बजे अर्को साधरण सभामा समेत सहभागी हुन समय मिलेको छ, जुन सकारात्मक छ । शेयरधनीहरुलाई ८.२५ प्रतिशत नगद लाभांश दिएकोमा विशेष धन्यवाद छ । यस बैंक सक्षम बैंक भएकोले मर्जरमा जान आवश्यक छैन, त्यसैले आगामी वर्ष नगद लाभांशमा भन्दा बोनस शेयरमा प्राथमिकता दिन अनुरोध गर्दछु । विदेशबाट पर्यटक कम आएको र देशमा विदेशी मुद्राको संचिती घटेको अवस्थामा बिदेशी मुद्रामा ऋण लिएर लगानी गर्न सफल भएकोमा धन्यवाद छ भन्दै कर्मचारीहरुलाई बैंकमा लामो समयसम्म रहने बातावरण बनाउन कर्मचारीको सुविधा बढाउन र व्याज आम्दानी वृद्धी गर्ने तर्फ ध्यान दिन सुभाव दिनुभयो ।

ज) **श्री लवराज जोशीः** उहाँले सभालाई सम्बोधन गर्दै साधारण सभामा शेयरधनीहरुका विचार तथा रचनात्मक सुझावले बैंकको प्रगतिमा सहयोग पुग्ने धारणा राख्दै बैंकले गत वर्ष अन्तर्राष्ट्रिय पुरस्कार जित्न सफल भएकोमा धन्यवाद दिनुभयो । उहाँले सामाजिक उत्तरदायित्व अन्तंगत धुलिखेल अस्पताललाई प्रदान गरेको सहयोग तथा जलविद्युतमा हालसम्म पनि देश आत्मनिर्भर हुन नसकेकोले जलविद्युतमा लगानी बृद्धी गरेकोमा बैंकको प्रशंसा गर्दै यसले विदेशी मुद्रा सञ्चितीमा सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो । साथै, अन्य बैंकहरु मर्जर पश्चात पूँजीको हिसाबले ठूलो हुने भएकोले पूँजि बृद्धि गर्नको लागि आगामी वर्ष बोनस शेयर वितरण गर्न, मुद्दती निक्षेपमा प्राप्त गर्ने व्याज भन्दा बैंकले शेयरधनीहरुलाई दिएको प्रतिफल कम भएकोले खर्च घटाउन र आम्दानी बढाउने गरी व्यवसाय विस्तार गर्न सुझाव दिँदै बैंकमा नियुक्त हुनु भएका स्वतन्त्र संचालकको अनुभवले नीति निर्माणमा सहयोग पुग्ने र वार्षिक साधारण सभाका प्रस्तावहरुलाई पूर्ण समर्थन रहेको कुरा उल्लेख गर्नुभयो ।

झ) **श्री उत्तम दत्त पाण्डे** : उहाँले शेयरधनीको सुझाव बमोजिम राष्ट्रिय प्रज्ञा प्रतिष्ठानमा साधारण सभा गरेकोमा धन्यवाद दिँदै शेयरधनीहरुलाई ८.२५ प्रतिशत नगद लाभांश कम भएको, सञ्चालकको खर्चमा गत वर्षभन्दा बृद्धि भएको, विदेशी संस्थापक शेयरधनी एफएमओबाट बैंकलाई तरलता उपलब्ध गराउन सहयोग भएतापनि व्यवसाय विस्तार हुन नसकेको लगायतका धारणा राख्दै गैर बैंकिङ्ग सम्पत्तिलाई समयमानै बिक्री गर्न सुझाव दिनुभयो । साथै, हाल तरलताको सुधारको संकेत देखिएको भन्दै बैंकको उत्तरोत्तर प्रगतीको कामना गर्नुभयो ।

ञ) **श्री इन्द्र कृष्ण श्रेष्ठः** उहाँले सभालाई सम्बोधन गर्दै बैंकले शेयरधनीहरुलाई राम्रो प्रतिफल दिन सफल भएको, एनएमबि बैंक विदेशी बैंकहरुले समेत विश्वास गरेको बैंक रहेकोले बैंकले वितरण गर्न लागेको नगद लाभांश कम भएकोले अर्को वर्ष राम्रो प्रतिफल दिन अनुरोध गर्नुभयो । एफएमओ नेदरल्याण्डबाट नेपालमा आएर एनएमबि बैंकमा लगानी गरेकोमा धन्यवाद छ । शेयरधनीहरुले बुझिलिन बाँकी रहेको पूरानो लाभांशका बारेमा

सूचना जारी गरी जानकारी दिन अनुरोध छ । राजश्व र कर सम्बन्धी मुद्दाहरु छिटो समाधान गर्ने तर्फ ध्यान दिन र लेखापरीक्षकको प्रतिवेदन नेपाली भाषामा बनाउन अनुरोध गर्नुभयो ।

ट) **श्री रोज कुमार श्रेष्ठ:** उहाँले सभालाई सम्बोधन गर्दै बैंकले ८.२५ प्रतिशत नगद लाभांश प्रस्ताव गरेकोमा धन्यवाद छ, खुद मुनाफा बृद्धि भएको राम्रो हो । साधारण सभामा हाजिर गर्नको लागि सहज बनाएको कारण व्यवस्थापन चुस्त रहेको देखियो । मर्जर तथा एक्विजिसन प्रस्तावमा उल्लेख भएता पनि भावी योजनामा समावेश नभएको भन्दै शेयरधनीहरुले बुझिलिन बाँकी रहेको पुरानो लाभांशका बारेमा शेयरधनीहरुलाई आवश्यक सम्पर्क गरी बुझिलिने वातावरण बनाउन अनुरोध छ । साथै, वितरण योग्य नाफा घट्न गएको कुरा वार्षिक प्रतिवेदनमा उल्लेख नभएको र प्रतिशेयर आम्दानी घट्न गएकोमा सजग रहन सुझाव दिनुभयो ।

ठ) **श्री सुर्य बहादुर खड्का:** उहाँले लगानीकर्ताको मुख्य चासो भनेको लगानीको प्रतिफल भएकोले यस बैंकको ROE १२.५०% रहेको र लाभांश ८.२५ प्रतिशत मात्र वितरण गरेकोले लगानीकर्तालाई उचित प्रतिफल दिनु पर्ने । बैंकमा पुँजी लगानी धेरै हुने भएकोले बैंकमा भएको लगानी नदेख्ने र भएको नाफा मात्र देख्ने गरेको धारण राख्नुभयो । साथै, व्यवसाय विस्तार गरी बढी नाफा आर्जन गर्नको लागि समय सापेक्ष बैंकको नारा बनाई ग्राहकलाई आकर्षित गर्नुपर्ने भन्दै आगामी बर्ष लगानीको राम्रो प्रतिफल दिन सुझाब दिनुभयो ।

ड) **श्री गोविन्द बास्तोला:** उहाँले सभालाई सम्बोधन गर्दै चिसो मौसममा बिहानको समयमा साधारण सभा आव्हान गरिएकोले शेयरधनीहरुको न्यून सहभागी रहेको र बैंकले प्रस्ताव गरेको ८.२५ प्रतिशत नगद लाभांश पनि कम रहेको छ । बैंकको मुख्य लगानी रहेको एनएमबि लघुवित्त वित्तीय संस्थामा केही समस्याहरु रहेको जानकारी गराउनु हुँदै समस्या समाधान गर्नको लागि ध्यानाकर्षण गराउनुभयो ।

ढ) **श्री मेजर कुवेर श्रेष्ठ:** उहाँले कोभिड -१९ को महामारी र रसिया युक्रेन युद्धले विश्व अर्थतन्त्रमा असर पारेको वर्तमान अवस्थामा समेत बैंकले ८.२५ प्रतिशत नगद लाभांश दिन लागेकोमा धन्यवाद दिनुभयो । बैंकमा कर्जा तथा निक्षेपको अवस्था राम्रो रहेको भन्दै एनएमबि बैंक नेपालमा ठूलो लगानीकर्ता र राम्रो ब्यवसाय गर्ने बैंक भएको उल्लेख गर्दै सबैजना मिलेर यस साधारण सभा सम्पन्न गर्नुपर्ने र अर्को वर्ष १२ प्रतिशतको हाराहारीमा प्रतिफल दिन सकिने गरी कार्य गर्न संचालक र व्यवस्थापनलाई अनुरोध गर्नुभयो । साथै, बैंकमा स्वतन्त्र सञ्चालक पदमा महिला नियुक्त हुनुभएकोमा श्री वन्दना पाठकलाई शुभकामना छ भन्दै आगामी बर्ष प्रतिफल बृद्धि गर्नको लागि सुझाव दिनुभयो ।

ण) **श्री विजय मल्ल:** उहाँले साधारण सभा शेयरधनीहरुको मुख्य दिन हो । कोभिड -१९ को महामारी र रसिया युक्रेन युद्धले विश्व अर्थतन्त्रमा असर पारेको वर्तमान अवस्थमा समेत बैंकले ८.२५% नगद लाभांश सन्तोषजनक भएता पनि शेयरधनीहरुलाई बाँड्न मिल्ने अरु पैसा भएको भए वितरण गरेको भए राम्रो हुने थियो भन्ने धारणा राख्नुभयो । उहाँले लगानीकर्ताहरुको हकहितका लागि संचालक तथा व्यवस्थापनले कार्य गर्नुपर्ने । बैंकका चुनौतीहरु दिन प्रतिदिन बृद्धि हुदै गईरहेकोले आगामी दिनमा थप चुनौतीहरुको सामना गर्न विशेष योजना बनाई सजग हुनुपर्ने । सुशासनमा बैंकले विशेष ध्यान दिनुपर्ने र ठूलो लगानी गर्दा विशेष ध्यान दिँदै व्यवसाय विस्तार गर्नुपर्ने र लगानी बिग्रेमा बैंकलाई नोक्सानी हुने हुँदा लगानीमा विशेष सतर्कता अपनाउन सुझावहरु दिदै कर्मचारीको मनोबल उच्च बनाउन उचित सुविधा दिन विशेष ध्यान दिनुपर्ने धारण राख्नुभयो । साथै, बैंकले पूँजी वृद्धिको योजना स्पष्ट पारी बोनस शेयर जारी गरेर पूँजी बृद्धि गर्नको लागि सुझाव दिनुभयो ।

त) **श्री ब्यरन पासापोर्टिस् (प्रतिनिधि एफएमओ, नेदरल्याण्ड):** उहाँले सभामा सहभागी हुँदै अंग्रेजी भाषामा आफ्नो मन्तव्य तथा सुझावहरु दिनुभयो । अन्तर्राष्ट्रिय रुपमा रहेको महामारी, रुस र युक्रेनको युद्ध, मुद्रास्फिती र तरलता अभावको वर्तमान समयमा बैंकले प्रदान गरेको ८.२५ प्रतिशतको नगद लाभांश नराम्रो भन्न नमिल्ने भन्दै सम्पूर्ण नियम तथा कानूनहरु पालाना गर्ने नेपालको बैंकिङ्ग क्षेत्रमा एनएनबि बैंक एक अग्रणी बैंक रहेको कुरा बताउनु भयो । एफएमओले एनएमबि बैंकमा लगानी गरेको मात्र नभई नेपालमा नेदरल्याण्डसको सम्वन्ध स्थापित गर्न सफल भएको कुरा बताउनुभयो । एफएमओ बैंकलाई सहयोग गर्नको लागि सधै तत्पर रहेको

प्रतिवद्धता व्यक्त गर्नुभयो । हालको विषम परिस्थितीमा समेत बैंकको प्रगती सन्तोषजनक रहेको र भविष्यमा अफ बढी प्रगती गर्दै जाने बिश्वास व्यक्त गर्नुभयो । साथै, व्यवस्थापनले बैंकका कर्मचारीहरुलाई उत्प्रेरणा प्रदान गर्न, राम्रो सेवा सुविधा प्रदान गरी लामो समय काम गर्ने वातावरण बनाउन सुझाव दिनुभयो । (अंग्रेजी भाषामा दिनुभएको मन्तव्यलाई नेपाली भाषामा अनुवाद गरिएको)

थ) **श्री टि पुराहरन सि पि रामकृष्णन (प्रतिनिधि - योंग लियन रियाल्टी, मलेसिया)**: उहाँले सभामा सहभागी हुँदै अंग्रेजी भाषामा आफ्नो मन्तव्य तथा सुझावहरु दिनुभयो । शेयरधनीहरुको सकारात्मक टिप्पणीले बैंकलाई अगाडी बढ्नको लागि सहयोग पुग्ने भन्दै सभामा केही नकारात्मक टिप्पणी समेत हुने गरेको बताउनुभयो । मलेसियामा नेपालीहरुको संख्या धेरै रहेको र सो संख्या हाल बृद्धि समेत भैरहेको भन्नुहुँदै मलेसियामा रहेको बैंकको सम्पर्क कार्यालयले उनीहरुलाई सहयोग पुगेको कुरा बताउनुभयो । एनएमबि बैंकमा व्यवस्थापन राम्रो रहेको भन्नु हुँदै कार्यसम्पादनको आधारमा कर्मचारीहरुलाई उत्प्रेरणा प्रदान गर्ने काम गर्नको लागि सुझाव दिनुभयो । (अंग्रेजी भाषामा दिनुभएको मन्तव्यलाई नेपाली भाषामा अनुवाद गरिएको)

द) **श्री सरला खड्का**: उहाँले सभा समक्ष लिखित रुपमा शुभकामना तथा सुभावहरु दिनुभयो । उहाँले संस्थापक शेयरधनीहरुले समेत साधारण सभाको सूचना पाउन कठिन भएको उल्लेख गर्दै बैंकले हाल प्रदान गरेको लाभांश मुद्दती खाताको भन्दा न्यून भएकोले आगामी दिनमा बढौती गर्नको लागि सुभाव दिनुहुँदै बैंकको उत्तरोत्तर प्रगतीको कामना गर्नुभयो ।

ध) **श्री सुदिप श्रेष्ठ**: उहाँले सभा समक्ष लिखित रुपमा शुभकामना तथा सुभावहरु दिनुभयो । सामान्य प्रस्ताव अर्न्तगतको ८.२५ प्रतिशतको नगद लाभांश थोरै भए पनि स्वागतयोग्य मान्नुपर्ने भन्दै नेपाल मर्चेन्ट बैंकिङ्ग एण्ड फाईनान्स लि. बाट कारोबार शुरु गरी २७औं वर्षमा टेकेको कुरा उल्लेख गर्नुभयो । बैंकले आ.व. ०७८/७९ का मुख्य सुचकांकहरुलाई वार्षिक प्रतिवेदनमा स्पष्टसँग उल्लेख गरेको र आफ्ना शाखा कार्यालय तथा एटिएमहरुबाट सातै वटा प्रदेशहरुमा सेवा दिदै आईरहेको बताउनुभयो । यस बैंक विगत ५ वर्षमा ४ पटक सम्म बैंक अफ द ईयर हुन सफल रहेको भन्दै २७औं वार्षिक साधरण सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

न) **श्री चन्द्र नारायण श्रेष्ठ**: उहाँले आफ्नो राय तथा सुझावहरु लिखित रुपमा पेश गर्दै यस बैंकबाट देशको असहज आर्थिक परिस्थितिमा पनि शेयरधनीहरुलाई ८.२५ प्रतिशत दिने प्रस्ताव प्रति धन्यवाद दिनुभयो । यस वर्षको लाभांश प्रतिफल गतवर्ष भन्दा केही कम भएपनि आगामी वर्षदेखि यो भन्दा बढी लाभांश दरको भरोसा, आशा राखेको छु । एनएमबि बैंकले Impairment charges बढी प्रोभिजन गर्नुपर्दा नै प्रतिफल कमी आएको हो कि भन्ने लागेको । समग्र बैंकिङ्ग प्रणालीमा आम्दानीहरु बढ्दै जानुका साथै खर्चहरुमा पनि बृद्धि हुँदै गएको अवस्था छ । समग्रमा संचालन लागतमा बृद्धि प्रतिशत बढी हुने तथा खुद नाफामा भने बृद्धि प्रतिशत कम हुने अवस्था छ । अन्त्यमा, यस एनएमबि बैंकको उत्तरोत्तर प्रगती तथा २७औं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्नुभयो ।

प) **श्री ठाकुर प्रसाद कोइराला**: उहाँले आफ्नो राय तथा सुझावहरु लिखित रुपमा पेश गर्दै प्रस्तुत प्रतिवेदन उपर समर्थन गर्दै यस बैंकको सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।

## ९. शेयरधनीहरूको मन्तव्य र जिज्ञासा उपर सञ्चालक समितिका तर्फबाट प्रतिक्रिया तथा नीतिगत जवाफ :

**सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतीले शेयरधनीहरुबाट आएको जिज्ञासाहरुका सम्बन्धमा दिनु भएको जवाफ:**

शेयरधनी महानुभावहरुको सुझाव बमोजिम अर्को बर्ष लेखापरीक्षकको प्रतिवेदन नेपाली भाषामा राख्ने व्यवस्था मिलाउने छौं । यस बैंकले विगतमा बोनस शेयर दिँदै आएको र बोनस शेयर दिँदा पूँजी बृद्धि हुने र नाफा बृद्धि

भए पनि लाभांशको प्रतिशत बृद्धि नहुने हुँदा यस बर्ष सक्षम भएर पनि बोनस शेयर वितरण नगरिएको हो । अर्को बर्ष अझ बढी प्रतिफल दिन सक्षम हुनेछौं भन्ने विश्वास हामीलाई लागेको छ । संचालन खर्च र कर्जा असुलीका सम्बन्धमा हामी सजग रहेका छौं भन्दै अन्य विषयहरुमा प्रमुख कार्यकारी अधिकृतले जवाफ दिनु हुनेछ भन्दै कार्याकारी अधिकृतलाई माईक हस्तान्तरण गर्नुभयो ।

**सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिको आज्ञाले प्रमुख कार्यकारी अधिकृत श्री सुनिल के.सी. ले शेयरधनीहरूबाट आएको जिज्ञासाहरूका सम्बन्धमा दिनु भएको जवाफ तथा आफ्नो मन्तव्य :**

बैंकका प्रमुख कार्यकारी अधिकृत सुनिल के.सी. ले सभामा शेयरधनीहरुको बाक्लो उपस्थिती र उहाँहरुले दिनुभएका सुझावको लागि धन्यवाद ज्ञापन गर्नुहुदै शेयरधनीहरुबाट प्राप्त सुझावहरुलाई प्रेरणाको रुपमा ग्रहण गरी अघि बढ्ने प्रतिवद्धता सहित शेयरधनीहरुले राख्नुभएका जिज्ञासाहरु उपर देहाय बमोजिम जवाफ दिनुभयो ।

समिक्षा अवधिमा आन्तरिक तथा बाह्य कारणहरुले नेपालको आर्थिक अवस्थाका साथै बैंकिङ्ग क्षेत्र समेत अप्ठ्यारो अवस्थामा रहेको । नेपालमा तरलताको खराब अवस्थामा पनि यस बैंकले तरलतको पर्याप्त व्यवस्थापन गरेको, एनएमबि बैंकले विदेशबाट पैसा लिएर भए पनि निरन्तर कर्जा प्रवाह गरेको । नेपालमा क्रेडिट रेटिङ्ग र हेजिङ्गको व्यवस्था नहुँदा पनि विदेशबाट कर्जा लिन प्रारम्भ गरेको कुरा बताउनुभयो ।

हामीहरु अन्य बैंकहरुभन्दा फरक ढङ्गबाट अघि बढिरहेको र दिगो विकासका लागि कार्य गरिरहेका छौं । बैंकको संस्थापक शेयरधनी तर्फ FMO, Netherland, Yong Lian Realty Malaysia र कर्मचारी संचायकोष जस्ता ठूला संस्थाहरु रहेको र यसले बैंकको बिकास तथा व्यवसाय विस्तारमा सहयोग पुगेको छ । FMO ले गर्दा नै यस बैंक अर्न्तराष्ट्रिय स्तरमा परिचित हुन सफल भएकोले विदेशी संस्थाहरुबाट विदेशी मुद्रामा लगानी/ऋण भित्र्याउन सफल भएको छ ।

तरलताको समस्या, आयातमा प्रतिबन्ध र अर्न्तराष्ट्रिय क्षेत्रमा भएको युद्धको समयमा समेत बैंकलाई सक्षम बनाउन सफल भएको कुरा बताउनुभयो । बैंकले विगतको ५ वर्षमा शेयरधनीहरुलाई औषतमा २१ प्रतिशत लाभांश दिन सफल भएको र समग्र बैंकिङ्ग क्षेत्रको औषत लाभांश दर १५ प्रतिशत मात्र रहेको छ । बैंकले जलविद्युत क्षेत्रको लगानी तर्फ ४३ परियोजनामा लगानी गरेकोमा सो मध्ये २७ वटा परियोजनाको नेतृत्व गरेको र हाल २६ वटा जलविद्युत परियोजनाहरु सञ्चालनमा आईसकेको समेत बताउनुभयो ।

बैंकले लेखापरीक्षकलाई भुक्तानी गरेको शुल्क अर्न्तराष्ट्रिय मापदण्ड बमोजिम धेरै नभएको र गत वर्ष बैंकले २० वटा शाखा विस्तार गरेकोको कर्मचारी खर्चमा बृद्धि हुन गएको हो । Capital Adequecy का हिसावले हामी सक्षम बैंकको रुपमा छौं । बैंकको कर्जा असुलीलाई प्रभावकारी रुपमा अगाडी बढाइने भन्दै आगामी दिनमा राम्रो प्रतिफल दिने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

## १०. सभाबाट पारित प्रस्तावहरू :

साधारण सभामा पूर्व सूचित छलफलका विषयहरूमा छलफल गरी पारित गर्न सभापतिको आज्ञाले बैंकका कम्पनी सचिवले क्रमानुसार राख्नु भएको देहायका प्रस्तावहरू उपर सभाका शेयरधनीहरूले सर्वसम्मतिबाट देहाय बमोजिमको प्रस्तावहरू पारित गर्नुभयो ।

### (क) सामान्य प्रस्तावतर्फ :

१. सत्ताईसौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणले पेश गर्नु भएको आ.व. २०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाबाट पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ असाढ मसान्तको वासलात र आ.व. २०७८/०७९ को नाफा-नोक्सान हिसाब (एकीकृत ईक्विटीमा भएको परिवर्तनको विवरण) तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय/आर्थिक विवरणहरु (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड र एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडको एकीकृत वित्तीय विवरणहरु समेत) सभाबाट पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व.२०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भए अनुसार लेखापरीक्षक देव एशोसिएट्स र केएमयु एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्सलाई संयुक्त रुपमा लेखापरीक्षकमा रू.२१,००,०००/- (अक्षरेपी एक्काईस लाख मात्र) (मूल्य अभिबृद्धि कर समेत) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम हाल कायम चुक्ता पूँजी रु.१८,३६,६७,०५,९५९/२४ को ८.२५ प्रतिशतका दरले हुन आउने रु.१,५१,५२,५३,२४१/६४ नगद लाभांश (कर प्रयोजनका लागि समेत) वितरणको लागि स्वीकृती प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

**(ख) विशेष प्रस्ताव :**

१. बैंकको नियमावलीको नियम ३२ को उपनियम १ को ख(१) मा देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो :
नियमावलीको नियम ३२ को उपनियम १ को ख(१) मा हाल रहेको "संचालक समितिको बैठकमा बैंकको रजिष्ट्रर्ड कार्यालय रहेको जिल्ला बाहेक नेपालमा अन्यत्र रहेका संचालकहरु उपस्थित हुन आउँदा जाँदा भ्रमण गर्दा लाग्ने हवाई टिकट वा परिवहन खर्च र नियम ३२ को १ को खण्ड (ग) को उपखण्ड (अ) र (आ) बमोजिमको होटेल तथा खाना खर्चमा नबढ्ने गरि बढीमा तीन दिनको वास्तविक खर्च अनुसार सोधभर्ना गरिनेछ । तर, बिदेशमा बसोबास गर्ने संचालकको हकमा वास्तबिक बिल बमोजिमको होटेल तथा खाना खर्च सोधभर्ना गरिनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "संचालक समितिको बैठकमा बैंकको रजिष्ट्रर्ड कार्यालय रहेको जिल्ला बाहेक अन्यत्र रहेका संचालकहरु उपस्थित हुन आउँदा जाँदा भ्रमण गर्दा लाग्ने हवाई टिकट वा परिवहन खर्च वास्तविकमा र नियम ३२ को १ को खण्ड (ग) को उपखण्ड (अ) र (आ) बमोजिमको होटेल तथा दैनिक भ्रमण भत्ता बढीमा तीन दिनको उपलब्ध गराईनेछ । तर, बिदेशमा बसोबास गर्ने संचालकको हकमा वास्तबिक बिल बमोजिमको होटेल तथा खाना खर्च सोधभर्ना गरिनेछ ।" भन्ने व्यवस्था कायम गर्ने ।

२. अन्य बैंक तथा वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न तथा अन्य बैंक तथा वित्तीय संस्थाहरुसंग मर्जर प्रकृया अगाडि बढाउने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने । साथै, सोका लागि सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्नका लागि मुल्यांकनकर्ता नियूक्त गर्ने, स्वाप रेसियो निर्धारण गर्ने, सोका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा कुनै संशोधन आवश्यक भएमा सो गरि सोको अभिलेख गराउने लगायत मर्जर तथा प्राप्तिसंग सम्बन्धित सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

३. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधनको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न वा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने सर्वसम्मतिबाट निर्णय भयो ।

**(ग) विविध:** विविध तर्फ छलफलको विषय नभएको ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

## ११. धन्यवाद ज्ञापन :

आजको साधारण सभा सौहाद्रपूर्ण वातावरणमा शान्तिपूर्वक सम्पन्न भएकाले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, सञ्चालक समितिका सदस्यहरु, बिभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पर्यवेक्षक, बैंकका कर्मचारी, पत्रकार लगायत अन्य उपस्थित सम्पुर्ण महानुभावहरूलाई समेत यस बैंकको सत्ताईसौं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सभाका सभापतिले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

## १२. सभा विसर्जन :

सत्ताईसौं वार्षिक साधारण सभामा समावेश गरिएका विषय सूची अन्तर्गतका विषयहरू उपर छलफल गरि निर्णय भैसकेकाले सम्पूर्ण उपस्थित महानुभाबहरुलाई सभा सफलतापूर्वक सम्पन्न गरिदिनु भएकोमा बधाई ज्ञापन गर्दै बैंकका सञ्चालक समतिका अध्यक्ष तथा यस साधारण सभाका सभापति श्री पवन कुमार गोल्याणले सभा दिनको १२.१५ बजे समापन भएको घोषणा गर्नुभयो ।

प्रमोद कुमार दाहाल
कम्पनी सचिव

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

पवन कुमार गोल्याण
अध्यक्ष